पत्रकार तथा सञ्चार माध्यमहरु बीचको आपसी सम्बन्ध व्यावसायिक स्वस्थ संयमित मर्यादित र सुमधुर राख्न दुवै सक्रिय र प्रयत्नशील हुन पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
विज्ञापन बोर्ड

# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ७ अंक ३५ | ०३ भाद्र २०७८ बिहीबार | 19 August 2021 Thursday | पृष्ठ : ६ | मूल्य : ५ रुपैयाँ

## सडक दुर्घटनामा ज्यान गुमाउनेको दर बढ्दै

# ३ वर्षमा २०१ जनाले ज्यान गुमाए

**पार्वती पाण्डे**
कपिलवस्तु २ भदौ

सवारी दुर्घटनाबाट कपिलवस्तुमा ३ वर्षको अवधिमा २ सय १ जनाको ज्यान गएको छ। जिल्ला ट्राफिक कार्यालय गोरुसिंगेका अनुसार २०७५/७६ मा ७९ जनाको मृत्यु भएको छ। १ सय ५८ जनाको दुर्घटना भएमा ७९ जनाको मृत्यु भएको हो। सोहि समयमा गंभिर घाईते १ सय ५८ सामान्य घाईते ६७ जना भएका थिए। त्यस्तै २०७६/७७ मा १०९ सवारी साधन दुर्घटना भएकोमा ४७ जनाको मृत्यु भएको छ। दुर्घटनामा १ सय १३ जना गंभिर घाईते र ३८ जना सामान्य घाईते भएका थिए। त्यस्तै गरि २०७७/७८ मा १ सय ३३ दुर्घिटनामा ७५ जनाको मृत्यु भएको हो। जसमा ९७ जना गंभिर घाईते र ५० जना सामान्य घाईते भएका थिए। सबै भन्दा बढि दुर्घटना मोटरसाइकलबाट हुने गरेको जिल्ला ट्राफिक कार्यालय गोरुसिंगेका प्रहरी नायब निरिक्षक हरि बहादुर जिशीले बताउनु भयो। त्यस्तै दुघृटना जिप /कार र ट्रक , टिप्परबाट हुने गरेको छ। सडक दुर्घटना हुने मुख्य कारण चालककै लापरबाहिले हो।



अर्को तर्फ पैदल यात्रु तथा सबार गर्ने व्यक्तिको लापरबाहिले पनि दुर्घटना हुने गर्छ। सबारी नियमका बारेमा अनभिज्ञता , चालकको तिब्र गति , ओभर लोड , गलत ओभरटेक , अव्यवस्थित बसोबास , सडकको अवस्था जिर्ण भएका दुर्घटना हुने गरेका छन , निरिक्षक जिशीले बताउनु भयो। दुर्घटना न्युनिकरणका लागि प्रहरीले जिल्लाका ४ स्थानमा डमी राखेको छ। कपिलवस्तु नगरपालिकाको गौढी चोक , वाणगंगा नगरपालिकाको ४ नं जितपुर , वुद्धभुमि नगरपालिकाको गोरुसिंगे अर्घाखाँची चोकमा डमी राखिएको हो। यस्तै ट्राफिक प्रहरी कार्यालयले२०७५/७६ मा ट्राफिक नियम पालना नगरि सवारी चलनाउने २८ हजार २ सय २० लाई कारवाहि गरेको छ। जसबाट १ करोड ५६ लाख ८६ हजार राजश्व संकलन गरेको छ। त्यस्तै २०७६/७७ मा १६ हजार ८७ जनालाई कारवाहि गरेको छ। ८८ लाख ६० हजार राजश्व संकलन गरेको छ। त्यसै गरि २०७७/७८ मा २८ हजार ७ सय ८८ लाई कारवाहि गरेको छ भने १ करोड ७८ लाख ६३ हजार राजश्व संकलन गरेको छ।

*(बाँकी ३ पेजमा>>>*

## लुम्बिनीमा प्रतिपक्ष एमालेद्वारा निरन्तर सदन अवरुद्ध



बुटवल २ भदौ

लुम्बिनी प्रदेश सरकारको प्रतिपक्षी दल नेकपा एमालेले प्रदेश सभाको बैठक निरन्तर अवरुद्ध गरेको छ। आफ्ना सांसदलाई पार्टीले गरेको कारवाहीको सूचना सभामा बाचन नगरे पछि एमालेले बैठक अवरुद्ध गरेको छ। कारबाहीको सूचना सुनाउन सभामूख पूर्णबहादुर घर्तीसमक्ष माग राख्दै मंगलबार र बुधबारका दुबै बैठकहरु अवरुद्ध गरेको छ। बैठक अवरुद्ध गरेपछि बुधवारको बैठक पनि स्थगित गरिएको सभामूख घर्तीले जानकारी दिनु भयो। एमालेबाट विजयी राष्ट्रिय सभा सदस्य अजयबहादुर शाही र विमला वलीले राजनीतिक दलसम्बन्धी ऐन विपरित काम गरेको भन्दै कारवाही गरेको पत्र सभामूखलाई बुझाइसकेको छ।

उक्त पत्र सभामूखले प्रदेश सभामा पढेर नसुनाउँदा सम्म सदन चल्न नदिने अडानमा एमाले कायम रहेको छ। बुधवारको बैठकमा प्रतिपक्षका सांसदहरुको नारावाजीका बीच सभामुख घर्तीले कारवाहीको पत्र प्रशासनिक कार्यप्रक्रिया अगाडि बढिरहेकाले अहिले सुनाउन नमिल्ने बताउनु भयो। उहाँले प्रतिपक्ष एमालेका प्रमुख सचेतक भूमिश्वर ढकाललाई कारवाहीका लागि थप आवश्यक काजगपत्रहरु समेत पेश गर्न आग्रह गरेको बताउनु भयो। तर, एमालेका सांसदले भने सभामुख निष्पक्ष नभएको आरोप लगाउदै नारावाजी गरेका छन्। रोष्ट्रम घेराउ गर्दै उनीहरुले संसदीय सर्वोच्चतालाई कायम राख्न सभामूख निष्पक्ष हुनुपर्ने माग राख्दै तत्काल कारवाहीको पत्र पढेर सुनाउन माग राखेका छन्।

सदन निरन्तर अवरुद्ध भएपछि प्रदेश सभामा अध्यादेश पेश हुन पाएका छैनन्। अधिवेशनको पहिलो बैठकमा प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश पदक ऐनलाई संशोधन गर्न बनेको विधेयक पेश गर्ने कार्यसूचि भएपनि सदन अवरुद्ध भएका कारण पेस हुन पाएका छैनन्।

# प्रबक्ता मिश्रको जिल्ला सभापतिमा दावेदारी

**शुशिल गैरे**
कपिलवस्तु २ भदौ

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशन नजिकिदै गर्दा जिल्ला प्रवक्ता वीरेन्द्र प्रसाद मिश्रले जिल्ला सभापतीमा दावेदारी प्रस्तुत गर्नु भएको छ। मिश्रले पत्रकार मार्फत दावेदारी प्रस्तुत गर्नु भएको हो। ४ दशक लामो समय देखी कांग्रेसको राजनितिमा सक्रिय रहेका मिश्रले गुट गत राजनितीको अन्त्यको लागि आफुले उम्मेदवारी दिने निर्णय गराएको बताउनु भयो।



मिश्रका निकट श्रोतका अनुसार, हाल दाबी गरेका सम्पुर्ण नेताहरु मध्ये कोहि सार्वजनिक पदमा रहेका र कोहि अग्रज पुर्व जिल्ला सभापतिहरुनै रहेकाले पार्टीलाई नयां अनुहार र नयां नेतृत्व सहित अगाडि बढाउन आवश्यक देखिएको हुंदा सभापतिमा मिश्रको उम्मेद्वारी रहने उनि निकट श्रोतले जनाएको छ।

अघिल्ला महाधिवेशनहरुमा, वर्तमान जिल्ला सभापति लगाएत अहिले पनि आकांक्षी रहेका पुर्व जिल्ला सभापतिहरुलाई आफुले पटक पटक सहयोग गरेको हुंदा यसपटक सबैले आफुलाई सहयोग गर्ने अपेक्षा व्यक्त गर्दै पार्टिका सम्पुर्ण अग्रज नेताहरु, शुभचिन्तक, साथीहरु तथा भातृ संगठनका युवा साथिहरुसंग पनि सल्लाह सुझाव लिई सबैलाई उच्च सम्मान गर्दै अधिवेशन थालनी भएपछि सम्पर्क बढाउने मिश्रले बताए।

कांग्रेसलाई गुटबन्दी रहित स्वच्छ, सबल र एकढिक्का बनाई विपीको सिद्वानतमा आधारित एक बलियो पार्टीको रुपमा स्थापित गर्न सबै नेता तथा कार्यकर्ताहरुले आफुलाई सहयोग गर्नुपर्ने कुरामा जोड दिदै एक व्यक्ति एक पदको धारणालाई पनि अगाडि सार्नुपर्ने उनले बताए। हाल जनप्रतिनिधिको रुपमा रहेका साथीहरुको कार्यव्यस्तता रहने साथै पार्टिको संगठन मजबुत गर्नपनि अन्य साथीहरुलाई संगठनका मुख्य पदहरुमा जिम्मेवारी दिनुपर्नेमा बताए।






## सम्पादकीय

# विभाजन र संयोजन

दल विभाजन संबन्धि अध्यादेश जारी भयो । अबका केही दिन र महिना दलभित्रका किचलोले आ-आफ्नो बाटो लिने मौका त पाउलान्, तर समाधान नहोला यतिमै । अदालत र आयोगमा विभाजन रोक्न र कायम राख्न वियोग गर्नेहरु बढ्ने छन् । यताबाट उता र उताबाट यता लाग्नेको भाग-दौड जारी हुने छ । नेताहरुको आपसी कलको फल निकाल्नै भारी हुने छ ।


केही मान्छेहरु भन्छन् - सामन्त गोयल, श्यामशरण र जुलिया चाङ्ले आइ कन्याउँदा पनि फरक पर्छ रे नेपालमा ।' पर्छ कि पर्दैन उनीहरु नै जानुन् र मानुन् । तर यतिचाहिँ भन्न सकिन्छ - आगो नबली धुँवा उडदैन । पालैपालो उनीहरुका अनुचरले नेपालको राजनीतिमा हाली मुहाली गर्ने हुन्, साउती र सल्लाह उतै हुन्छ, यता हल्ला गरेर के हुन्छ ? पत्याउने र नपत्याउने अधिकार सवैलाई छ ।

नेपाली राजनीति विचार, सिद्धान्त, देश विकास र निकासका लागि भन्दा, केही प्रयोजित नेताको अहंकारको तुष्टिकरण गर्ने धन्दा बन्दा राजनीतिकै अवमूल्यन भएको छ । राजनीतिले देश र जनताको अवस्था सुधार्नभन्दा विगार्ने भूमिका खेलेको छ । जनादेश, परमादेश र अध्यादेशका नाममा विधि विधानको उल्लंघन गर्ने परिपाटी बसेकोले कस्ले कुन बेला के गऱ्यो ? त्यसको अर्थ र महत्व रहन छाडेको छ । एउटाले दापबाट निकालेको खुकुरीले अर्काले प्रहार गर्छ र लोकतन्त्र ठहरै पार्छ । नचाहँदा नचाहँदै पनि राजनीतिक बैमानीको त्यो हिंसा देख्न र भोग्न पर्छ नेपाली समाजले । देश बर्बाद पारेर शासक र उनका उपासक आबाद हुने राजनीति कतिदिन टिक्ला ? सोचनीय छ ।

निवर्तमान सरकारकै पाइला पछ्याएको आरोप वर्तमान सरकारलाई लागेको छ । न निवर्तमान सरकारका पक्षधर खुशी छन्, न वर्तमान सरकारका पिछलग्गुहरुले पचाउन सकेका भेटिन्छन् दल विभाजन सम्बन्धि अध्यादेश । तर पनि आयो र जारी भयो । एकदिन अगाडि जारी सदनको अन्त्य गरेर दोश्रो दिन अध्यादेश ल्याउनु चोरबाटो समाउनु हो भनेर जस्ले पनि भन्छ, भन्यो । गाली पनि गऱ्यो सवै तह र तप्काले । सडकको गाली र ताली सवै पचाइसकेका दलका मुलीहरुले जे गरेका छन्, निन्दनीय मात्रै हैन, दण्डनीय पनि छ । तर दण्डित गर्ने कस्ले ? अदृश्य आदेश र आशिर्वादले काम गर्ने भएपछि । जसलाई हामीले आफ्नो अगुवा मानेका छौं र जानेका छौं, ती त पहिलै बन्धकिमा विकीसकेका पात्र हुन् । पात्र फेरिदैमा प्रबृत्ति नफेरिएको हो त्यसैले । चिन्ता लिन पर्दैन कसैले ।

राजनीतिक स्वतन्त्रता, स्वाधीनता, लोकतन्त्र र गणतन्त्रका नाममा हामी यस्तो जालमा फसेका छौं, न उत्रन सक्छौ, न धसिन्छौं । मर्ने न बाँच्नेको दोसाँधमा राखेर प्रयोग गरिरहेका छन् हाम्रो देश, व्यवस्था र अवस्थालाई शक्तिकेन्द्रहरुले । हामी खाली प्रयोगका औजार मात्रै बन्यौं । नयाँ नाममा प्रयोगहुँदा, गरिदा त्यसैलाई परिवर्तन ठान्यौं र मान्यौं । संघीयता र धर्मनिरपेक्षता पनि नचाहँदा नचाहँदै यतिसम्म धान्यौं ।

# महिला हिंसा र पुरुष



**धीरेन्द्र नाल्बो**

बाबु, छोरा त पाउनुपर्छ,' सरकारी सेवाबाट अवकाशप्राप्त एक आफन्तले निर्लज्ज भई आत्मविश्वासका साथ 'सल्लाह' दिए। एक 'शिक्षित' मित्रले दुई छोरीलाई इंगित गर्दै भने, 'त्यतिमै चित्त बुझाउने हो ?' अर्का एक मित्रले त ख्यालठट्टामै 'यार्सागुम्बा खाँदा छोरा हुन्छ' भन्नसम्म भ्याए।

छोरीहरूको मात्र बुबासँग आफन्त र साथीहरूले भनेका यी कुरा त बाँड्न उचित अनुभवहरू मात्रै हुन्। यस लेखमा एक पुरुष, दुई छोरीको बुबा तथा यो समाजको सदस्य हुनुका नाताले लैंगिक विषयबारे आफ्नो अनुभव र विचार साट्ने जमर्को गरेको छु जसबाट लैंगिक असमानता र हिंसासम्बन्धी वैचारिक, कानुनी र नीतिगत छलफल एवं बहसमा थप ऊर्जा मिल्ने अपेक्षा गरेको छु।

अझै महत्त्वपूर्ण कुराचाहिँ, यो लेख ती छोरीहरूका लागि हो जसले छोरी भएर जन्मेका आधारमा अपहेलना, तिरस्कार, भेदभाव खेपेका छन्। साथै आत्मग्लानि र धिक्कार महसुस गरेका छन्। असुरक्षित महसुस हुँदा तिनले कैयौंपटक भनेको मैले सुनेको छु, 'कास, पुरुष भएर जन्मन पाएको भए... !' यो लेख ती बुबाहरूका लागि हो, जो पुरुषत्वको विचार र शासनबीच छोरी (हरू) मात्र भएकामा हीनताबोध गर्छन्, आफन्त र समाजबाट खिसीटिउरी खेपी निरीह भएर बसिरहेका छन्। कहिलेकाहीँ त्यसैका कारण (छोरी मात्र 'जन्माएको' दोषयुक्त असत्य बुझाइका आधारमा) पुरुषहरू श्रीमतीप्रति हिंसक बन्नुका साथै सम्बन्धविच्छेदसम्म गर्छन्। र, 'म अपुतो' भएँ' भनेर चिन्तित भई शिर उचो गर्न नसकी 'छोरा मात्रै भैदिएको भए त...' भन्दै असन्तुष्टिको जीवन व्यतीत गरिरहेका छन्। अनि ती बुबा र आमाहरूका लागि हो, जो चिनेजानेको चिकित्सकमार्फत गर्भमा छोरी भएको पहिचान गरी गर्भपतन गर्ने कि भनेर घोत्लेर बसिरहेका छन्। र, ती बुबा र आमाहरूका लागि हो जो छोरी जन्मेका आधारमा नाक खुम्च्याई आफ्नो कर्म र भाग्यलाई धिक्कार्दै लामो सुस्केरा हालेर हीनताबोध गरिरहेका छन्।

## छोरी/महिला हुँदैमा

छोरी भएर जन्मेकै आधारमा आफ्नै अभिभावकबाट मारिनुपरेका दर्दनाक समाचारहरू पढ्न-सुन्न पाइन्छ। आशा गरेजति दाइजो नपाएकाले केटा पक्षका परिवार, छिमेकी या केटा आफैंले महिलामाथि शारीरिक तथा मानसिक हिंसा मात्रै नगरेर उनको हत्या नै गरेका समाचारहरू सुन्न-पढ्न पाइन्छ। कामका सिलसिलामा यात्रा गर्दा या अबेरसम्म काम गर्नुपरेका कारण घर आउन ढिलो हुँदा महिलालाई थाकेकी हौली भनेर सहानुभूति दिनुको सट्टा, उनको चरित्रमाथि प्रश्न उठाई शारीरिक तथा मानसिक हिंसा गरेका कैयौं घटना हामीले सुन्दै र पढ्दै आएका छौं। बाहिर नआएका यस्ता घटनाहरू अझ कति होलान् ?

महिलामाथि हुने हिंसाका रूपहरू विभिन्न लेख-रचनासँगै गीत-संगीतमार्फत पनि व्यक्त हुने गरेका छन्। जस्तो, भूपेन्द्र बुढाथोकीको एउटा गीतले छोरी-महिला हुनुको पीडा यसरी कहेको छ-

***फूल भनौं जिन्दगीलाई, फुल्न नपाई झरिसक्यो***
***दियो भनौं जिन्दगीलाई, जल्नै नपाई मरिसक्यो ।***
***यात्रा भनौं जिन्दगीलाई, निर्जीव भै बाँचेकी छु***
***सुख भनौं जिन्दगीलाई, पीडा बोकी हाँसेकी छु ।***
***मन दुख्छ समाजले एक्लो बनाई हेप्ने गर्दा***
आफ्नाले 'नि ठिक्क पार्छन्, साथ दिन्नन् दुःख पर्दा।

उपर्युक्त गीतका हरफहरूले भनेझैं अधिकांश महिलाको जीवन जिउँदो भए पनि 'निर्जीव', 'पीडा', 'दुःख', 'हेपाइ' र 'एक्लोपन' ले भरिएको हुन्छ, खासगरी सहरोन्मुख र ग्रामीण भेगका महिलाहरूको जीवन। अशक्त र कमजोर भएरभन्दा पनि लैंगिक भेदभाव र असमानतापूर्ण सामाजिक सोच र संस्कारका कारण पनि ती पीडित भएका छन्। तर, त्यसबारे जानकार भए पनि निःस्वार्थपन, आफ्नो खानदान/परिवार, बुबा, आमा र दाजुभाइहरूको 'इज्जत' राख्न/बचाउनका लागि पीडायुक्त जीवनसँग सम्झौता गर्ने निर्णयका कारण पीडित बन्ने गरेका हुन्। त्यसैले त तलको गीतिकविताले भनेजस्तै महिलाहरूले आफ्ना इच्छा, सपना, आकांक्षाहरू आँसुसँगै बगाइदिन्छन् र पीडासँगै निलिदिन्छन्-

***मेरो आकाश छुने इच्छा, आज सबै बिलाई गयो***
***आज किन आफ्नै छाया टाढाटाढा भाग्न थाल्यो***
***जिन्दगीका खुसीहरू बिर्सेजस्तो लाग्न थाल्यो ।***

कतिन्जेल हामी यस्ता पीडाले भरिएका गीतहरू सुन्दै बस्ने ? उनीहरूको पीडासँगै पीडित हुँदै बस्ने कि त्यस्तो नहोस् भन्न कुनै कदम चाल्ने ? खास गरी समाज, त्यसमाथि पनि पुरुष वर्गले ? यो अहिलेको महत्त्वपूर्ण प्रश्न हो।

## तपाईंको र मेरो दोष पनि उत्तिकै

जब कुनै सन्तानको, छोरी भएका कारण उसकै आमाबुबाले हत्या गरेको खबर पढ्छौं या सुन्छौं, श्रीमतीहरू श्रीमान्बाट बीभत्स ढंगले पिटिएको अनि मारिएको सुन्छौं या पढ्छौं, एकपटक गम्भीर भई सोचौं र प्रश्न गरौं- हामी कस्तो समाजमा बसिरहेका छौं ? हाम्रो अगाडि त्यस्तो समाजको दृश्य घुम्न थाल्छ, जुन अमानवीय छ, असंवेदनशील छ र हिंसक छ। यस्ता जघन्य सामाजिक अपराधहरू अझै कसरी भइरहेका छन् त ? हो, हामीसँग कानुन छ, जसले यस्ता अपराधीलाई दण्डित गर्छ, तर कानुनी उपचारका साथै लैंगिक विभेद र हिंसालाई सम्बोधन गर्नका लागि समाजको सोच, बुझाइ, विश्वासमा भने गम्भीर परिवर्तन हुन जरुरी छ। त्यसमा पनि पुरुष, विशेष गरी शासित र शिक्षित वर्गको महत्त्वपूर्ण भूमिका छ। कसरी ?

यदि कुनै व्यक्ति मानसिक रूपमा स्वस्थ छ, लैंगिक समानतामा विश्वास गर्छ भने ऊ आफ्नै अबोध बालिकाको अपहेलना, विभेद वा हत्या गर्न अग्रसर हुँदैन। कुनै पनि पुरुष आफूलाई पुरुष भएकैमा सर्वोपरि ठान्दैन र आफ्ना आमा, छोरी, चेलीलाई हेप्दैन वा हेपेको पनि सहँदैन भने कुनै महिलालाई भेदभाव गर्दैन, गरेको पनि सहँदैन। आफ्नी छोरी भेदभाव र अन्यायमा नपरोस् भनी कामना गर्ने कुनै पनि आमा बुहारीलाई हेप्न र भेदभाव गर्न पनि तत्पर हुन्नन्। व्यक्ति-व्यक्ति मिलेर परिवार बन्छ, परिवार-परिवार मिलेर समाज बन्छ। संस्कार, विश्वास र सोचको मुख्य स्रोत भनेकै व्यक्ति या बुबा-आमा (परिवार) र समाज हुन्। संस्कार, विश्वास र सोचको स्थिरता, गतिशीलता या विकास/परिवर्तन हुनु र नहुनुमा व्यक्ति, परिवार र समाजबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ।

सारमा, व्यक्ति र समाजबीचको अन्तरसंघर्षले संस्कार, विश्वास र सोचको स्थिरता र गतिशीलता हुनु-नहुनुमा मुख्य भूमिका खेल्छ। त्यसैले कुनै बुबा-आमाले छोरी जन्मेको थाहा हुनासाथ त्यो अबोध शिशुलाई विभेद वा हत्यासम्म गर्न पुग्छन् भने तिनीहरूको मात्रै होइन, एउटा समाजको सदस्यका हैसियतले हामी (तपाईं, म) सबैको दोष उत्तिकै हुन्छ। कसैकी बुहारी, छोरी, आमा, श्रीमती हेपिनुमा सम्बन्धित परिवारको मात्रै होइन, मेरोसँगै तपाईंको पनि त्यति नै जिम्मेवारी छ। किन ? किनभने तपाईंले, मैले र हामीले भेदभावपूर्ण संस्कार, विश्वास र सोच हटाउन, लैंगिक समानता र भेदभावरहित परिवर्तन गर्न जसरी आवाज उठाउनुपर्ने र कदम चाल्नुपर्ने हो, त्यो गर्न सकेनौं। गर्न सकेका पनि छैनौं।

## अबोध बालिकाको दोष के ?

कुनै पनि समाजका राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक संस्कार र वातावरण सदियौंदेखि सिर्जित भएका हुन्छन् र तिनले समाजमा गहिरो जरा गाडेका हुन्छन्। परिणामतः समाजलाई परिवर्तन गर्न कठिन त हुन्छ नै, समय पनि लाग्छ। तर सही परिवर्तनका लागि कदम चाल्न हतोत्साही हुनु या समयसँगै समाजको परिवर्तन होला भनेर पर्खेर बस्नु पनि उचित होइन। हर समय समाजको हरेक तह र तप्काबाट लैंगिक हिंसा र विभेदविरुद्ध आवाज उठ्नुपर्छ, उठाइरहनुपर्छ। त्यो संघर्ष र आवाज संरचनात्मक लैंगिक हिंसा र विभेदलाई बढावा दिइरहेको सामाजिक सोच, विश्वास र बुझाइविरुद्ध हुनुपर्छ। यसमा महिलाको भूमिका जति हुन्छ, त्योभन्दा बढी पुरुषको हुन्छ। किनभने उसले बनाएको/लेखेको सामाजिक र कानुनी नीतिनियम ऊ आफैं परिवर्तन गर्न अग्रसर भयो भने नतिजा छिट्टै आउँछ। यो लेख पनि त्यसैको एउटा भाग हो, आवाज हो।

फेरि सम्झौं, ती अबोध बालिकाहरूको दोष के छ ? उनीहरू त प्राकृतिक छनोटको प्रक्रिया पूरा गरी जीवन जिउनका निम्ति तयार भएर जन्मेका हुन्छन्। उनीहरूलाई जन्मिने बेला न आफू महिला भएको थाहा हुन्छ, न पुरुष, न त अरू लैंगिक विविधतायुक्त। त्यसकारण छोरी भएर जन्मनु अभिशाप होइन, पाप होइन, कर्म बिग्रनु होइन र कमजोर हुनु पनि होइन। अनि पुरुषभन्दा नीच हुनु होइन। त्यसको ठ्याक्कै विपरीत चाहिँ हो। छोरी भएर जन्मनु भनेको अमूल्य प्राकृतिक उपहार हो, जननी हो, जीवनको प्रक्रिया हो र सुन्दरता हो। पूर्ण रूपमा जीवन बुझ्ने र जिउने अधिकार हो। आफूले जन्माएका भन्दैमा छोरीहरूको जिउने र संसार अनुभव गर्ने नैसर्गिक अधिकार निमिट्यान्न पार्ने अधिकार हामी कसैमा, कुनै पुरुषमा छैन।

## पुरुषत्व, लैंगिक विभेद र हिंसा

पुरुष भएर, छाती उच्च बनाएर, सीधा या ठाडो नजर गरी हिँडेर हामीले नजानिँदो पाराले लैंगिक भेदभावलाई स्थिर बनिरहन सहयोग पुऱ्याइराखेका हुन्छौं। यदि तपाईं-हामी सामाजिक न्याय, लैंगिक समानता - सामान्य र सीधा भाषामा भन्नुपर्दा- नाबालिकाहरूको क्रूरतापूर्वक हत्या, छोरी, बुहारी र आमाहरूप्रति भेदभावपूर्ण व्यवहारका साथै श्रीमतीमाथि मानसिक-शारीरिक हिंसा र हत्यालाई निमिट्यान्न पार्न चाहन्छौं भने पुरुषवादी सोचाइ त्याग्नैपर्छ। छोरीका लागि पनि, छोराका लागि पनि समान रूपमा आमा र बुबा बन्नैपर्छ; भाइ र दाइ बन्नैपर्छ जसले दिदीबहिनीको समान अधिकारमा विश्वास गर्छ, जोड दिन्छ र श्रीमान्हरू - पुनर्परिभाषित अर्थमा- 'जोइटिंग्रे' बन्नुपर्छ। जोइटिंग्रे हुनु भनेको श्रीमतीको गुलाम या दास हुनु होइन, कामको प्रकृति र आकृति नहेरी बराबर हैसियतको व्यवहार गर्नु हो।

समग्रमा भन्नुपर्दा, महिलालाई सम्मानजनक व्यवहार गर्नु भनेको उनको आत्मसम्मानको कदर हो। आमाप्रतिको अगाध माया र पूजा हो। दिदीबहिनीप्रतिको आदर र माया हो। साथै व्यक्ति, परिवार र समाजको लैंगिक असमानता र भेदभावविरुद्धको बलियो आवाज हो; कदम हो; शिक्षा हो। एकपल्ट सोचौं त, तपाईं-हामीलाई हतार-हतार कार्यालय जानुपर्दा होस् या कुनै काम समयसीमाभित्र सक्नुपर्दा, आमा, दिदी, बहिनी, भाउजू, बुहारी वा श्रीमतीले आफ्ना सारा काम थाती राखेरै भए पनि खानपिन तयार गरिदिन्छन्। हामी धेरैजसोले उनीहरूको त्यो सहयोगलाई सामान्य रूपमा या 'टेकन फर ग्रान्टेड' रूपमा लिन्छौं। तर, त्यही खालको सहयोग हामीले बुहारी, भाउजू वा श्रीमतीलाई गऱ्यौं भने उनीहरूले त्यसलाई - मेरा एक विद्यार्थीको अध्ययनअनुसार - 'सपोर्ट' का रूपमा लिन्छन्। कुनै पुरुष मित्रले यी हरफहरू पढिरहँदा 'जान्ने भयो,' 'दर्शन छाँट्यो' या कतिले त 'महिलावादी भै टोपल्यो' भन्नुहोला, तर तपाईं त्यो कोटिमा पर्नुहुन्छ भने, एकपल्ट पुरातन सोच र विश्वासलाई टाढा राखेर आफ्नी आमासँग या दिदीबहिनीसँग बसेर एक घण्टाजति उनीहरूका दुःखसुख कुरा सुनिदिनुहोस्। केवल उनीहरूका कुरा सुनिदिनुहोस्।

अमेरिकाको जर्ज मेसन विश्वविद्यालयबाट पीएचडी गरेका नाल्बो समाज, राजनीति र वातावरणसँग सम्बन्धित द्वन्द्व र शान्ति विषयमा अनुसन्धान गर्न रुचि राख्छन्।

*-कान्तिपुरबाट*

# कृष्णनगर वितरण केन्द्रले मनायो ३६औं वार्षिकोत्सव



कपिलवस्तु २ भदौ

नेपाल विद्युत प्राधिकरण कृष्णनगर वितरण केन्द्रले ३६औं वार्षिकोत्सव मनाएको छ। ३६औं वार्षिकोत्सव अवसरमा सम्पुर्ण पदाधिकारी तथा कर्मचारीहरुको मनोबल बढाउनको लागि राष्ट्रीय मदरसा संघ नेपालका टोलीले ३६ औं वार्षिकोत्सवक कार्यक्रममा सहभागी भइ उक्त वितरण केन्द्रका प्रमुख, इन्जिनीयर, सहायक लेखा अधिकृत लाई दोसल्ला ओढ़ाई सम्मानित समेत गरी संघका राष्ट्रीय अध्यक्ष डा' अब्दुल गनी अलकु फीले कृष्णनगर वितरण केन्द्रका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुको कार्यको प्रसंसा गर्दै ३६औं वार्षिकोत्सवको उपलक्ष्यमा उपस्थित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो।

३६औं वार्षिकोत्सव मनाउने क्रममा राष्ट्रीय मदरसा संघ नेपालका उपाध्यक्ष शैख जैस मक्की, सदस्य मौलाना जहीर अहमद बरे लवी,समीम अख्तर,मोहम्मद मुस्लिम, नियाज़ अहमद,असरफ खान,सैफ खान, कृष्णानगर वितरण केन्द्रका प्रशासन प्रमुख विष्णु प्रसाद पाण्डेय,आयप्रमुख लालिराम चौधरी,मन्जु सोनार,मन्जु घिमिरे,कमला बेल्बासे,अनिता खनाल लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## ३ वर्षमा २०१...

"१० पालिका रहेको जिल्लामा बढि मात्रामा दुर्घटना वाणगंगा , शिवराज र वुद्धभुमि अन्तरगत पुर्व पश्चिम राजमार्ग सडकमा हुने गरेको छ। ट्राफिक प्रहरीले करोडौंको राजश्व सरकारलाई उठाइरहदा यी पालिकाहरुले भने सडक दुर्घटना न्युनिकरणका लागि कुनै कार्य नगरेको पाइएको छ। "

सबारी नियमका बारेमा आम नागरिक सचेत हुनु पर्छ। यातायात व्यवसायीहरुले पनि लाइसेन्स प्राप्त व्यक्तिलाई मात्र आफ्नो सबारी साधन चलाउन दिनु पर्छ। जिर्ण सडकलाई समयमै सुधार गर्नु आवश्यक छ। सबार हाक्ने जो कोहिले पनि ट्राफिक नियम पालना गरि सबारी साधन चलाउनु पर्ने ट्राफिक प्रहरी कार्यालयको भनाई छ। अभिभावकहरु पनि जिम्मेवार बन्नु पर्छ , स साना नानी बाबुहरुलाई सडकमा छोडिदिनु हुदैन। विद्यालय तथा क्याम्पसमा पनि आफ्ना विद्यार्थीहरुलाई सुरक्षित सडक प्रयोगका बारेमा जानकारी गराउनुको साथै सडकमा हुने छाडा पशुचौपायको पनि सम्बन्धित पक्षले समयमै व्यवस्थापन गर्दा सवारी साधन दुर्घटना हुन बाट जोगिने नागरिक

## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृष्णनगर, कपिलवस्तु
**लुम्बिनी, प्रदेश, नेपाल**

**शुलभ शौचालय शुल्क संकलन सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सुचना**

दोस्रो पटक प्रकाशित:२०७८/०५/०३

कृष्णनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नगर सभाको निर्णय बमोशिम तपलसिमा उल्लेखित आय शिर्षकहरुमा निम्न अनुसारको न्यूनतम ठेक्का अंकमा नघटने गरि आ.व.२०७८/०७९ को २०७८ भदौ महिना देखि २०७९ असाढ महिना सम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदां इच्छुक फर्म/व्यक्तिहरुबाट आफुले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरि तपलसिमा उल्लेखित भएको म्यादभित्र बोलपत्र खरिद गरि आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने रकम नगदै वा यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर स्थित धरौटी खाता न. ०१४०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत बोलपत्रसाथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सहिछाप गरि सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जाानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

शर्तहरु

१. बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजश्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिने छ| |

२. बोलपत्र दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र र उक्त दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट बोलपत्र खारिद गर्न सकिने छ|| |

३. दोस्रोपटक सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गर्न सकिनेछ| दर्ता भएकै दिनको २:०० बजे बोलपत्र बोलदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ||बोलपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन| |

४. कार्यालयबाट बिक्री नभएको, बोल पत्रदताको दस्तखत नभएको र शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन||

५. रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन| |

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यपालिकामा सुरक्षित रहने छ| |

७. यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन,नियम अनुसार हुनेछ|| |

८. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ| |

तपसिल|

| क्र.स. | ठेक्का नं. | कर दस्तुरको बिषय(शीर्षक) | न्यूनतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | KNM/NCB/Sauchalaya-01/078/79 | कृष्णनगर न.पा.२ स्थित शुलभ शौचालय शुल्क संकलन | ३,५०,०००/- | १०००/- |

विजय कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

## अर्घाखाँचीमा एसियाकै ठूलो भगवतीको शालिक बनाइँदै

अर्घाखाँची २ भदौ

अर्घाखाँचीको अर्घा भगवती मन्दिरमा एसियाकै सबैभन्दा ठूलो भगवती मन्दिरको मूर्ति प्रतिस्थापन गरिने भएको छ ।सन्धिखर्क नगरपालिकाले बाइसे, चौबिसे राज्यअन्तर्गत पर्ने सन्धिखर्क नगरपालिका ९ मा अवस्थित अर्घा दरबार अर्थात् अर्घा भगवती मन्दिरमा १० फिटको बेसमा २१ फिटको मूर्ति राख्ने नगरपालिकाका प्राविधिक हरि वोहोराले जानकारी दिए ।अर्घा अग्लो पहाडको थुम्कोमा अवस्थित प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पूरातात्विक महत्व बोकेको रमणीय थलो हो। बाइसे राज्यका समयमा राजकाज चलाउने स्थानमा यहाँ हाल भगवती मन्दिर र दरबार छन् । पन्ध्रौं शताब्दीदेखि अस्तित्वमा रहेको यो मन्दिरमा विजयादशमीको पूर्णिमाको दिन विशेष मेला लाग्छ । पन्ध्रौं-सोह्रौं शताब्दीमा अस्तित्वमा रहेको अर्घा राज्यमा जिल्ला राईका सन्तानले राज्य गरेका थिए।

नगरपालिकाको १ करोड ९९ लाखको लागतमा मूर्ति तथा बेस निर्माण कार्य हुँदै गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याललले बताए।


# हार्दिक समवेदना

जन्म
वि.स.१९९८/१२/१९



निधन
वि.स. २०७८/४/२९

**स्व. रोमाकान्त अर्याल**

यस कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं ११ ओदारीमा संचालित यस ओदारी माविका सहकर्मी मित्र **टिकाराम अर्याल**को पुज्यनिय पिता **स्व. रोमाकान्त अर्याल**को ८० वर्षको उमेरमा भएको दुखद निधन प्रति यस विद्यालय परिवार अत्यन्तै मर्माहत भएको छ। यस दुखद घडिमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरवाट प्राप्त होस भन्ने कामना गर्दै स्वः वुवा प्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**लक्ष्मण कंडेल**
अध्यक्ष वि.व्य.स

**शोभाखर भुसाल**
प्रधानाध्यापक

एवम्
**ओदारी माध्यमिक विद्यालय परिवार**
बाणगंगा नगरपालिका- ११ ओदारी, कपिलवस्तु


## एग्रीवस्तु कोल्ड स्टोरेजको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना

श्री एग्रीवस्तु कोल्ड स्टोरेज प्रा. लि. द्वारा लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, बुद्धभूमि नगरपालिका वडा नं. १०, जनकपुरमा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित कृषिजन्य उद्योग, एग्रीवस्तु कोल्ड स्टोरेजको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पर्ने भएकाले निम्न स्थान, मिति र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनु हुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावक : श्री एग्रीवस्तु कोल्ड स्टोरेज प्रा. लि.

स्थान : एग्रीवस्तु कोल्ड स्टोरेजको प्रस्तावित आयोजनास्थल, कपिलवस्तु जिल्ला, बुद्धभूमि नगरपालिका वडा नं. १०, जनकपुर

मिति : २०७८।०५।०७, सोमबार

समय : मध्यान्ह दिउँसो १२:३० बजे

प्रभाव पर्न सक्ने स्थान : जनकपुर, बुद्धभूमि नगरपालिका वडा नं. १०, कपिलवस्तु जिल्ला, लुम्बिनी प्रदेश


**बर्दघाट नगरपालिकाको अधुरोध**

कसैलाई बोक्सीको आरोप लगाउनु मनवता विरुद्ध कानुन विरुद्ध,निन्दनीय र दण्डनीय कार्य हो यसर्थ कसैलाई बोक्सीको आरोप नलगाऔं।

व्यक्तिगत घटना जस्तै जन्म मृत्यु वसाइसराई घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यलयमा दर्ता गराऔं।

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

बर्दघाट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
नवलपरासी

सॉँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

मरेका पशुपंक्षी लगायतका संक्रमित वस्तुहरु नदी,कुलो खेतमा नफालौं ।
अनुरोधक :-
शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
अर्घाखाँची

नदिजन्य पद्धार्थको दोहन नगरौं । यदि कसैले यस्तो कार्य गरेको देखेमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर दिऔं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

अपाङ्गता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# सशस्त्र प्रहरीले गत वर्ष ५ करोडको अबैध सरसामान बरामद



कपिलवस्तु २ भदौ

सिमा सुरक्षा गर्दै आएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २८ गणले कपिलवस्तुमा गत आर्थिक बर्ष २०७७/०७८ मा सवा ५ करोडको अबैधरुपमा भित्राइएका सरसामान बरामद गरेको छ । सीमा सुरक्षा लगातयका आफनो नियमति काम सहीत गत आर्थिक बर्ष सशस्त्र प्रहरीले ५ करोड २३ लाख ८ हजार २७० रुपैयाको अबैध मालसान लगातयका बस्तुहरु बरामद गरेको हो। नेपाल प्रहरीले पनि सो अवधिमा ५ करोड ७० लाखको अबैध मालसामान बरामद गरेको थियो।

सशस्त्र प्रहरी उपरिक्षक ध्रुब कार्की अनुसार गत बर्ष भारतबाट चोरी नाका हुदै जिल्ला भित्राइएका १ करोड ६३ लाख ७९ हजारको मालसामान जफत गरी भन्सार बुझाइएको थियो । यस्तै सवारी साधनबाट १ करोड २२ लाख ६७ हजार, अबैधरुपमा भित्राइएको ७६ लाख ७३ हजारको पशुपंक्षी बरामद भएको थियो। यस्तै १ करोड १९ लाख ६८ हजार ६४० रुपैया प्रतिन्धित नोट, ३३ लाख ९२ हजार काष्ट तथा बन पैदावार २ लाख १३ हजारको बिस्फोटका पदार्थ, ४ लाख ९३ हजारको नदीजन्य पदार्थ बरामद गरिएको थियो । ' हामीले सिमा सुरक्षासैगै चोरी तस्कारी समेत नियन्त्रण गर्ने प्रयास गरेका छौ ' सशस्त्र प्रहरी उपरिक्षक कार्कीले भने ' ९९ किलो मिटर लामो सिमाको सुरक्षा र चोरी तस्कारी नियन्त्रण गर्ने कार्य निकै चुनौतीपुर्ण छ '। चोरी तस्कारी र सिमा अपराध रोक्न सशस्त्र प्रहरी र भारतीय एसएसबिले संयुक्त सुरक्षा गस्ती समेत गर्दै आएको छ।

# दल विभाजन अध्यादेशको विरोधमा युवा संघ र अनेरास्ववियुको प्रदर्शन




**सरीता थारु**
कपिलवस्तु २ भदौ

दल विभाजनसम्बन्धी अध्यादेशको विरोधमा नेकपा एमाले निकट युवा तथा विद्यार्थी संगठनले सडक प्रदर्शन गरेको छ। यसैबिच एमालेको राष्ट्रिय युवा संघ नेपाल कपिलवस्तु र अनेरास्ववियू कपिलवस्तुको सयुक्त आयोजनमा कपिलवस्तुमा बिरोध प्रर्दशन भएको छ।

बिरोध प्रर्दशनमा अध्ययादेश फिर्ता गर, जयसिह धामीलाई न्याय दे, ,मापसे सरकार मुर्दाबादा ,सुकुम्बासी आयोग गठन गर ,एमसिसि चाहिदैन देश बेच्न पाईदैन लगाएतका नाराहरु लगाएका थिए। बुद्धभुमि गोरुसिंगे अर्घाखाँची चोकदेखी शुरुभएको बिरोध प्रर्दशको रयाली गोरुसिंगे बजारमा गई कोण सभामा परिणत भएको थियो।

कोण सभालाई सम्बोधन गर्दै राष्ट्रिय युवा संघ नेपालका स्थायी कमीटी सदस्य गोपालमणी ज्ञवीलले अध्यादेश फिर्ता नलिए अझ सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिनुभयो। अनेरास्ववियुका केन्द्रिय सदस्य बिकास आचार्यको सञ्चालमा कोण सभा सम्पन्न भएको थिया । मुलुकलाई अस्थिरतातर्फ धकेल्न जनघाती निर्णय गरेको भन्दै युवा संघले प्रदर्शन गरेको हो।

# विजक नभएको सुन सहित कारोवारी पक्राउ




बर्दिया २ साउन

गुलरिया नगरपालिका ८ भादा पुलबाट कागजपत्र (बिलभरपाई) नभएका करिब ६ लाख ४८ हजार ५ सय मूल्य बराबरको ८६ दशमल ६४ ग्राम सुन सहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा गुलरिया नगरपालिका-७ बस्ने २४ वर्षीय दिपेन्द्र सिंह र सोही नगरपालिका-३ बस्ने २३ वर्षीय अशोक लोध रहेका छन्। उक्त स्थानमा अगाडि लु.६२ प ६२२६ र पछाडी लु.६२ प ६८२६ नम्बर लेखिएको स्कुटरलाई जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा डिक्कीभित्र उक्त परिमाणको सुन फेला पारी स्कुटरमा सवार उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरुलाई बरामद सुन सहित आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय कोहलपुर बाँकेमा पठाइएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ।

# आगलागिबाट ५ लाखको क्षती




बाँके,२ भदौ

खजुरा गाउँपालिका-३ खजुरा बजारस्थित बागेश्वरी बहुउद्देश्यीय कृषि बजार सहकारी संस्था लिमिटेड कार्यालयको कोठामा सोमबार आगजनी हुँदा संस्थाको सम्पूर्ण कागजपत्रहरु, २ थान कम्प्युटर, १ थान ल्यापटप लगायत अन्य सामान जलेर करिब ५ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

अपरिचित व्यक्तिहरुले उक्त कार्यालय कोठामा आगजनी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले आगजनीमा संलग्न हाल फरार व्यक्तिहरुको खोजी गरिरहेको छ।

स्वस्थ र सुखी परिवारको लागि लागु औषध दुर्व्यसनलाई निरुत्साहन गरौः स्वास्थ र खुसी परिवार, समाज र राष्ट्र निर्माण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
विज्ञापन वोर्ड




कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही